# इलाम नगरपालिका
# स्थानीय राजपत्र

**खण्ड : ७** **सङ्ख्या : ७** **मिति : २०८०/४/२६**

## भाग २

## इलाम नगरपालिका

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, सुरक्षित आप्रवासन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## इलाम नगरपालिका, सुरक्षित आप्रवासन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति :- २०८०/४/२६**
**प्रमाणीकरण मिति :- २०८०/४/२६**

इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७८/१२/२४ मा स्वीकृत इलाम नगरपालिका, सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७८ कार्यान्वयन भइरहेको सन्दर्भमा सो कार्यविधिलाई थप व्यवस्थित गर्नका लागि पहिलो संशोधन गर्न बाञ्छनीय भएको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिका, सुरक्षित आप्रवासन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम इलाम नगरपालिका, सुरक्षित आप्रवासन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. दफा १०. आवश्यक जनशक्ति व्यवस्थापन अन्तर्गत थप गर्ने,

पद- कार्यक्रम संयोजक, संख्या-१, तह- सातौं, योग्यता र अनुभव मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानून वा सम्बन्धित अन्य विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी ५ बर्षको कार्य अनुभव, कम्तिमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रही कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता ।

३. अनुसूची-१ मा कार्यक्रम संयोजकको पाठ्यक्रम, अनुसूची-२ मा आप्रवासन स्रोत केन्द्र परामर्शकर्ताको पाठ्यक्रम, अनुसूची-३ मा वित्तीय साक्षरता सहजकर्ताको पाठ्यक्रम थप गर्ने ।

**अनुसुची-१**

**इलाम नगरपालिका**

सुरक्षित आप्रवासन कार्यक्रम) सामी (अन्तर्गत कार्यक्रम संयोजक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

परीक्षा योजना

१. प्रथम चरण -:लिखित परीक्षा

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|
| प्रथम | सेवा सम्वन्धी | १०० | ४० | ३ घण्टा |

२. अन्तिम चरण -:कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण | १० | प्रयोगात्मक | १५ मिनेट |
| व्यक्तिगत अन्तरवार्ता | २० | मौखिक | |

**इलाम नगरपालिका**

**सुरक्षित आप्रवासन कार्यक्रम) सामी (अन्तर्गत कार्यक्रम संयोजक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**प्रथम पत्र -:सेवा सम्वन्धी**

पूर्णाङ्क -:१०० समय -:३ घण्टा

१. बैदेशिक रोजगारी सम्वन्धी प्रचलित ऐन, नियमहरु
२. तीन तहका सरकारहरु (संघ, प्रदेश र स्थानीय) ले जारी गरेका स्वरोजगार र वैदेशिक रोजगार सम्बन्धी नीति तथा निर्देशिका बारे विस्तृत जानकारी
३. विभिन्न स्थानीय तह, सरोकारवाला, राजनैतिक दलहरु लगायत, समुदायस्तरीय समुहहरु संगको समन्वय तथा सहकार्य
४. सहजीकरणको परिभाषा, सहजकर्तामा हुनुपर्ने असल गुणहरु,
५. कार्यक्रमको कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनका विधिहरु र यसको महत्व
६. कर्मचारी तथा समुह परिचालन, कर्मचारीहरुको सेवा तथा सुविधाहरु
७. क्षमता विकास, प्रतिवेदनको महत्व, तरिका
८. परियोजना व्यवस्थापन चक्र, परियोजना कार्यान्वयनका लागि आवश्यक तत्वहरु
९. परियोजना कार्यान्वयनका क्रममा आईपर्ने चुनौतिहरु, समाधानका लागि उपायहरु, परियोजना सफलतापुर्वक कार्यान्वयन गर्नका लागि ख्याल गर्नु पर्ने पक्षहरु, परियोजना व्यवस्थापकको जिम्मेवारी र भूमिका
१०. स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका रोजगारी व्यवस्थाहरु तथा प्रावधानहरु, नेपालको संविधानमा बैदेशिक रोजगार सम्वन्धमा भएका व्यवस्थाहरु
११. वैदेशिक रोजगारको परिभाषा, समस्याहरु, चुनौतीहरु, फाइदा तथा बेफाइदाहरु,
१२. बैदेशिक रोजगारका प्रक्रिया, चरण,
१३. आप्रबासन परीक्षा अवधारणा
१४. आप्रवाशन चक्र, यसका सरोकारवालाहरु र तीनका काम कर्तव्यहरु
१५. प्रचलित श्रम ऐन, संघिय सरकारले वैदेशिक रोजगारलाई ब्यवस्थित बनाउन गरेका प्रयासहरु,
१६. नेपालमा वैदेशिक रोजगारीको अवस्था र सरकारले नेपालमा नै रोजगारी गर्ने वातावरण वनाउनका लागि गरेका प्रयासहरु
१७. बैदेशिक रोजगारका लागि खुल्ला गरेका देशहरु,
१८. द्धन्द्धको परिभाषा, यसको व्यवस्थापन र महत्व
१९. वैदेशिक रोजगारमा महिलाहरुको चुनौति र अवसर,
२०. वैदेशिक रोजगारले पारेका सामाजिक असरहरु, यस्तो न्यूनीकरणका उपायहरु
२१. सुरक्षित वैदेशिक रोजगार सम्बन्धि परियोजना कार्यान्वयनका समयमा सरोकारवालाहरुलाई समावेश गराउने उपायहरु
२२. स्थानीय तहबाट सुरक्षित आप्रवासनका क्षेत्रमा बजेट बिनियोजन गराउनका लागि समन्वय तथा सहकार्य
२३. सामाजिक समावेशिकरण तथा लैगिक अवधारणहरु, गरिवी न्युनिकरण, बिप्रेषन ब्यवस्थापन्न, परिवार व्यवस्थापन्नका उपाहरु,
२४. संजालको अवधारणा ,यसको निमार्ण र परिचालनका विधिहरु
२५. समन्वय , संचार र सहकार्यको अवधारणा र तरिकाहरु

**अनुसुची-२**
**इलाम नगरपालिका**
**सुरक्षित आप्रवासन कार्यक्रम) सामी (अन्तर्गत आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना**

परिक्षा योजना

१. प्रथम चरण -:लिखित परीक्षा

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|
| प्रथम | सेवा सम्वन्धी | १०० | ४० | ३ घण्टा |

२. अन्तिम चरण -:कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण | १० | प्रयोगात्मक | १५ मिनेट |
| व्यक्तिगत अन्तरवार्ता | २० | मौखिक | |

**इलाम नगरपालिका**
**सुरक्षित आप्रवाशन कार्यक्रम) सामी (अन्तर्गत आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**
**प्रथम पत्र -:सेवा सम्वन्धी**

पूर्णाङ्क -:१०० समय -:३ घण्टा

१. नेपालको संविधान, २०७२
२. फौज्दारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
३. वैदेशिक रोजगार ऐन, २०६४
४. वैदेशिक रोजगार नियमावली २०६४
५. स्थानीय सरकार सञ्चालन ऐन २०७४) परिच्छेद) ३ (दफा ११ को उपदफा २) थ(
६. सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९
७. आप्रवासी स्रोत केन्द्रका परामर्शदाताहरुका लागि सहयोगी पुस्तिका, २०७७
८. स्थानीय तहको बजेट तथा योजना तर्जुमा प्रक्रिया, खर्च व्यवस्थापन र लेखा परीक्षण तथा गुनासो ब्यवस्थापन) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५(
९. वैदेशिक रोजगारका वर्तमान अवस्था, साकारात्मक तथा सुधारात्मक प्रभावहरु
१०. वैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम) सञ्चालन तथा व्यवस्थापन (निर्देशिका २०७९
११. लैंगिक समानता, सामाजिक समावेशिता तथा गरीवी न्युनिकरण
१२. श्रम, रोजगार तथा सामाजिक मन्त्रालय, बैदेशिक रोजगार विभाग र बोर्डले प्रदान गर्ने सेवाहरु
१३. सम्बन्धित जिल्ला तथा स्थानीय तहका भौगोलिक, सांस्कृतिक, एतिहासिक, राजनीतिक तथा समसामयिक विषयबस्तु ।
१४. ठगी, आर्थिक सहायता, विमा, छात्रवृत्ति तथा अन्य उजुरी सँग सम्बन्धित कानून, प्रकृया, विधि, सजाय, मेलमिलाप तथा परामर्श सम्बन्धि जानकारी ।

अनुसुची–३

इलाम नगरपालिका

सुरक्षित आप्रवाशन कार्यक्रम) सामी (अन्तर्गत वित्तीय साक्षरता सहजकर्ता पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम एवं परीक्षा योजना

परिक्षा योजना

१. प्रथम चरण –:लिखित परीक्षा

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|
| प्रथम | सेवा सम्वन्धी | १०० | ४० | ३ घण्टा |

२. अन्तिम चरण –:कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण | १० | प्रयोगात्मक | १५ मिनेट |
| व्यक्तिगत अन्तरवार्ता | २० | मौखिक | |

इलाम नगरपालिका

सुरक्षित आप्रवासन कार्यक्रम) सामी (अन्तर्गत वित्तीय साक्षरता सहजकर्ता पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

<u>प्रथम पत्र –:सेवा सम्वन्धी</u>

पूर्णाङ्क –:१०० समय –:३ घण्टा

१. सम्वन्धित स्थानीय तहको, भौगोलिक, राजनैतिक, सामाजिक तथा समावेशीकरणको बारेमा जानकारी
२. वित्तको परिभाषा, वित्तिय व्यवस्थापन, परिवार व्यवस्थापन, वचत,
३. समुह गठन, उदेश्य, समुह परिचालन
४. सहजिकरण सम्वन्धि ज्ञान, सीप, पाठ योजना
५. बित्तिय साक्षरता कक्षा सञ्चालन गर्ने तरिका तथा उचित सहभागि छनौटका चरणहरु
६. वित्तीय साक्षरता कक्षाको निरन्तरता, यसको विस्तार वा दिगोपनाका लागि स्थानीय तहको भूमिका
७. सहकारी सम्बन्धी ऐन, नियमावली, स्थानीय सरकारका प्रावधानहरु
८. पारिवारिक विखण्डनबाट जोगिन र बालबालिकाहरुलाई हुर्किनको लागि सहज पारिवारिक वातावरण बनाउने तरिकाहरु
९. समाजमा भैरहेको घरेलु हिंसामा पिडितले पाउने सेवा तथा सहयोग वारे जानकारी
१०. समुहको सदस्यहरुको गोपनियता सुनिश्चीतता तथा सम्वन्ध विस्तारका उपायहरु,
११. स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका व्यवस्थाहरु तथा प्रावधानहरु, नेपालको संविधानमा बैदेशिक रोजगार सम्बन्धी भएका व्यवस्थाहरु
१२. क्षमता विकास, प्रतिवेदन महत्व, तरिका,
१३. वैदेशिक रोजगारका परिभाषा, समस्याहरु, चुनौतीहरु, फाइदा तथा बेफाइदाहरु, बैदेशिक रोजगारका प्रक्रिया, चरण, चक्र,
१४. आप्राबासन सम्वन्धि अवधारणा
१५. स्वरोजगारीको लागि स्थानीय सरकार र प्रदेश सरकारको भूमिका
१६. नेपालमा वैदेशिक रोजगारीको अवस्था
१७. काम गर्ने क्रममा कर्मचारी, संस्था, पालीकाहरुमा द्धन्द्धात्मक अवस्था आएमा सोको समाधानका उपायहरु
१८. वैदेशिक रोजगारमा महिलाहरुको चुनौति, अवसर,
१९. वैदेशिक रोजगारले पारेका सामाजिक असरहरु, यस्तो निराकरणका लागि उपाय
२०. केहि व्यवसाय गर्ने ईच्छा र सानो बजेट भएका व्यक्तिलाई सम्वन्धित निकायसँग पहुच र समावेश गराउँने उपायहरु
२१. सामाजिक समावेशीकरण तथा लैगिक अवधारणहरु, गरिवी न्युनिकरण, बिप्रेषण ब्यवस्थापन, परिवार व्यवस्थापनका उपाहरु,
२२. टिममा वर्कको अर्थ र आवश्यकता
२३. समन्वय, सहकार्य, संचार सीप
२४. सामान्य हिसाव किताव राख्ने तरिका, व्याज निकाल्ने तरिका
२५. प्रतिवेदनको परिचय र महत्व

**आज्ञाले**

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत